म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २८४ शनिबार १२ जेठ २०८१ ने. सं. ११४४ बछलागा 25 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

मकवानपुरमा सुमो दुर्घटना, ६ जना घाइते

हेटौंडा, ११ जेठ/मकवानपुरको भीमफेदी गाउँपालिका-६ जुरीखेतमा बिहीबार टाटासुमो दुर्घटना हुँदा ६ जना घाइते भएका छन् । भीमफेदी-कुलेखानी-काठमाडौं सडकखण्डमा काठमाडौंबाट हेटौंडातर्फ आउदै गरेको बा.प्र.०३-००१ ज ०२८० नम्बरको सुमो आफैं अनियन्त्रित भएर भित्तामा ठोक्किएर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । घाइते हुनेहरुमा रौतहट कटहरीया नगर पालिका-४ बस्ने वर्ष २० को समिर रहमान, कटहरीया-२ बस्ने वर्ष २६ की मनिषा ठाकुर, सोहीस्थान बस्ने वर्ष २४ को शेख जोवर, दोलखा भिमेश्वर नगरपालिका-५ बस्ने वर्ष ३२ की मन्जु तामाङ, सर्लाही हरि वन नगरपालिका-१ बस्ने वर्ष २८ की अनिता तामाङ, सोहीस्थान बस्ने वर्ष २९ की सर्मिला तामाङ रहेका छन् । सबै घाइतेहरुको भीमफेदी स्वास्थ्यचौकीमा उपचारपश्चात डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ ।

हेटौंडामा राष्ट्रिय शैक्षिक सम्मेलन, उच्च शिक्षामाथि मन्थन

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/मकवानपुर बहुमुखी क्याम्पसको आयोजनामा हेटौंडामा दुईदिने राष्ट्रिय शैक्षिक सम्मेलन सुरु भएको छ । उच्चशिक्षाका चुनौती: रोजगारी सृजना, दिगोपन र कक्षा छाड्ने दर घटाउने विषयक सम्मेलन शुक्रबार देखि हेटौंडामा सुरु भएको हो ।

सम्मेलनमा देशभरका आगिंक, सामुदायिक र निजी गरी ६० भन्दा बढी क्याम्पसका करिब तीन सयजना प्राध्यापकको सहभागिता रहेको मकवानपुर बहुमुखी क्याम्पसप्रमुख डा. यमबहादुर सिलवालले जानकारी दिए । सम्मेलनको उद्घाटन मुख्यमन्त्री शालिकराम जम्कट्टेलले गरेका थिए । मुख्यमन्त्री जम्कट्टेलले विद्यमान परीक्षा प्रणालीका कारण देशमा शैक्षिक बेरोजगार बढ्दै गएको जिकिर गरेका छन् ।

अहिलेको शिक्षा प्रणाली र पाठ्यक्रम परिवर्तन गरी पूर्णरुपमा मेरिटवेसमा लैजानुपर्नेमा उनले जोड दिए । मुख्यमन्त्री जम्कट्टेलले वर्तमान सन्दर्भमा विद्यार्थी अभावका कारण सामुदायिक क्याम्पसहरु मर्ज गरेर जानुपर्ने उनको भनाई छ । स्थानीय तहसँगको सहकार्यमा बागमती प्रदेशमा कक्षा ९ देखि १२ सम्म प्राविधिक शिक्षा लागू गर्ने बताए । उनले शैक्षिक पाठ्यक्रम परिवर्तन गरेर अघि बढ्नु पर्ने बताए ।

नेपालको शिक्षा प्रणाली पुरानै ढाँचाको रहेकाले पाठ्यक्रम र परीक्षा प्रणाली परिवर्तन आवश्यक रहेको बताए । 'नेपाली शिक्षा प्रणाली पुरानै ढाँचाको रहेको छ, अब पाठ्यक्रम र परीक्षा प्रणाली परिवर्तन गर्नुपर्छ । परीक्षा प्रणालीलाई पूर्णरुपमा योग्यताक्रम (मेरिट)मा लैजानुपर्छ,' उनले भने, 'प्राविधिक शिक्षामा रहेको कोटाप्रणालीलाई शिक्षामा सिण्डिकेट भइरहेको छ । सरकारले कोटाप्रणाली हटाएर विद्यार्थीले पढ्न चाहेको विषय पढ्न पाउने व्यवस्था गर्नुपर्छ । प्रदेश सरकारले उच्चशिक्षालाई प्राविधिक र व्यवहारिक कार्यक्रम सञ्चालन गर्ने तयारी सरकारको रहेको छ ।,'

कार्यक्रममा प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले उच्चशिक्षामा समस्या रहेको र समस्या समाधानमा ध्यान जान नसकेको बताए । विद्यार्थी विदेशिने क्रम बढ्दो रहनुको कारण यकिन गर्न नसकिएको भन्दै उनले चिन्ता व्यक्त गरे । सम्मेलनमा मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. ध्रुवकुमार गौतम, विज्ञ सल्लाहकार विश्वविद्यालय अनुदान आयोगका प्रा.डा. हृदयरत्न बज्राचार्य, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा. विश्वराज जोशी, हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामालगायतले उच्चशिक्षामा रहेका समस्या, चुनौती र अबसरका बारे धारणा राखेका थिए ।

१० महिनामा बागमतीको बजेट खर्च ४१ प्रतिशत मात्रै

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/चालु आर्थिक वर्ष २०८०/८१ सकिन दुई महिना बाँकी हुँदा बागमती प्रदेश सरकारको चालु आवका लागि विनियोजित बजेटको ४१ प्रतिशत मात्र खर्च भएको देखिएको छ ।

चालु आव सकिन तीन महिना बाँकी हुँदा विनियोजित बजेटको ३५ प्रतिशतभन्दा कम खर्च भएकोमा वैशाख महिना अन्य महिनाको तुलनामा वृद्धि भए पनि समष्टिगतरुपमा प्रदेश सरकारको खर्च अवस्था सन्तोषजनक छैन । बजेट कार्यान्वयनमा कमजोर रहँदै आएको प्रदेश सरकारले चालु आवको वैशाखसम्ममा कुल बजेटको ४१.२६ प्रतिशत अर्थात् २५ अर्ब ८७ करोड ६१ लाख १० हजार ८५३ रुपैयाँ खर्च गरेको छ ।

चालु आवका लागि चालुतर्फ २६ अर्ब ४२ करोड १२ लाख ४५ हजार, पुँजीगततर्फ ३५ अर्ब ७८ करोड ७८ लाख ३३ हजार र वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको थियो । गत वैशाखसम्ममा पुँजीगततर्फ ३८.३८ प्रतिशत अर्थात् १३ अर्ब ७३ करोड ४७ लाख ९७ हजार ४२३, चालुतर्फ ४५.९५ प्रतिशत अर्थात् १२ अर्ब १४ करोड १३ लाख १३ हजार ४३० रुपैयाँ खर्च भएको बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । उता वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको बजेट खर्च हुन सकेको छैन ।

मन्त्रालयका सूचना अधिकारी अर्जुन अर्यालले वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको बजेट विगतका वर्षमा खर्च अनुसार उपलब्धि नदेखिएकोले चालु आवमा खर्च नगरिएको जानकारी दिए । हरेक आवमा आर्थिक वर्षको अन्तिम तीन महिनामा अघिल्ला महिनाको अवधिमा भन्दा बढी खर्च गर्ने क्रमले यस प्रदेशमा निरन्तरता पाउँदै आएको छ । उनले वैशाखसम्म बजेट कार्यान्वयनको चरणमा रहेकोले खर्च कम देखिएको बताउँदै जेठमा खर्च हुने, बिल भुक्तानी, बिल फरफारक लगायत काम हुने भएको खर्च बढ्ने बताए ।

भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको बहुवर्षीय योजना यसै आवमा सम्पन्न हुने र ती मन्त्रालयबाट बजेट माग भई आएकाले गत आवमा भन्दा खर्चमा चालु आवको प्रगतिमा वृद्धि हुने सूचना अधिकारी अर्यालको दाबी छ । मन्त्रालयका अनुसार गत साउनदेखि चैत मसान्तसम्ममा ३४.४२ प्रतिशत अर्थात् २१ अर्ब ५८ करोड ३४ लाख ६४ हजार ७४ रुपैयाँ खर्च भएको थियो । मन्त्रालयको गत वैशाख मसान्तसम्मको वार्षिक वित्तीय प्रगति विवरण अनुसार विनियोजित बजेटको चालुतर्फको तुलनामा पुँजीगततर्फको शीर्षकको बजेट कम प्रतिशत खर्च भएको छ ।

विरोध प्रदर्शन तयारीका लागि कांग्रेस बागमती प्रदेशको बैठक

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/नेपाली कांग्रेसले आगामी जेठ १३ गते काठमाडौंमा गर्ने विरोध प्रर्दशनका लागि कांग्रेस बागमती प्रदेशले तयारी बैठक गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यालयको निर्देशनअनुरुप कांग्रेस बागमती प्रदेशको सम्पर्क कार्यालय बालकुमारी काठमाडौंमा शुक्रबार बसेको बैठकले लाखौं जनता सम्मिलित सहकारीको रकम अपचलन गरेको आरोप लागेका उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेलाई संसदीय छानवीन समिति गठन गरी तत्काल छानवीनको माग गर्दै कांग्रेसले आईतबार गर्ने विरोध प्रदर्शन तयारीका लागि बैठक गरेको हो ।

काठमाडौंको प्रदर्शनी मार्गमा १३ गते आईतबार दिउँसो १ बजे हुने विरोध प्रदर्शनलाई ब्यापक बनाउन उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका १५ वटै निर्वाचन क्षेत्रका पार्टीको संरचना, भातृ तथा शुभेच्छुक संघसंस्थालाई परिचालन र व्यवस्थापन गर्ने विषयमा छलफल भएको थियो ।

बैठकपछि बोल्दै कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले सरकारद्वारा सहकारी ठगीलाई संरक्षण, संसदभित्र सत्तापक्षका नेताहरुको धम्कीपूर्ण अभिव्यक्ति, संसदीय चरित्र र अभ्यासको बिरुद्ध रहेको बताउँदै सहकारीको रकम अपचलन गरेको आरोप लागेका उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले आफू मातहतका निकायलाई प्रभावमा पारेर आफूमाथि भइरहेको अनुसन्धान रोक्दै प्रमाण नष्ट गर्न लागिपरेकाले कांग्रेसले तत्काल संसदीय छानवीनको माग गरेको बताए ।

सभापति बानियाँले कांग्रेस कुनैपनि बेथितिमा आफ्ना कुनैपनि मान्छे छन् भने सजाय भोग्न तयार रहेको बताउँदै विगतको इतिहासमा पनि कांग्रेसले आफ्नै सरकार हुँदा आफ्ना पूर्वमन्त्रीहरुलाई कार्वाहीको दायरामा ल्याउँदा सरकारका अंगहरुलाई कुनै किसिमको दवाव सृजना नगरेको बताए । बैठकले सहकारी अपचलनको विषयमा प्रमाणसहित आउँदा पनि छानवीन गर्न नखोजी जर्वजस्ती ढंगबाट सत्तापक्ष लागेकोमा कांग्रेस बागमती प्रदेश घोर निन्दा र आपत्ती प्रकट गर्दै भ्यालीभरीका नेपाली जनतालाई जागृत गराउँदै विरोध प्रदर्शनमा उपस्थित हुन आग्रह गर्ने निर्णय गरेको छ ।

मकवानपुरको धेद्रे सुरुङ पनि छिचोलियो

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेस द्रुतमार्ग (फास्ट ट्रयाक) सडक आयोजनाअन्तर्गत धेद्रे सुरुङ शुक्रवार छिचोलिएको छ ।

प्याकेज नम्बर २ मा रहेको मकवानपुरको बकैया गाउँपालिकामा निर्माणाधीन धेद्रे सुरुङमार्गको जोडी सुरुङमध्ये निजगढबाट काठमाडौंतर्फ आउने १,६५३ मिटरको सुरुङमार्ग छिचोलिएको सेनाले जनाएको छ । यसअघि गत जेठ ४ मा १४३० मिटर दूरीको लेनडाँडा सुरुङमार्ग पनि छिचोलिएको थियो । यो काठमाडौंबाट निजगढतर्फ जाने सुरुङमार्ग हो । रक्षा मन्त्री हरिप्रसाद उप्रेती, प्रधानसेनापति प्रभुराम शर्मा, रक्षासचिव किरणराज शर्मालगायतको उपस्थितिमा सुरुङको 'ब्रेक थ्रु' भएको हो ।

फास्ट ट्रयाकअन्तर्गत मकवानपुरको बकैया गाउँपालिकामा पर्ने लेनडाँडा सुरुङ १५ दिन अघि छिचोलिएको थियो । काठमाडौंबाट निजगढतर्फ जाने १ हजार ४३० मिटर लामो सुरुङ छिचोलिएको (ब्रेक थ्रु गरिएको) हो । त्यस्तै महादेवटार सुरुङको ३ हजार ३५५ मिटरमध्ये २ हजार १५८ मिटर खनीसकेको छ ।

सबैभन्दा लामो रहेको यो सुरुङ अब १ हजार १९७ मिटर मात्र खन्न बाँकी छ । २ हजार २५० मिटरको चन्द्राम भिर, १ हजार मिटरको देवीचौर र ३ सय ९० मिटर दूरीको सिसौटार सुरुङ डिजाइनको क्रममा रहेको सैनिक प्रवक्ता केसीले बताए । यसको निर्माण व्यवस्थापनको जिम्मा मन्त्रिपरिषद् निर्णयले ०७४ वैशाख २१ मा नेपाली सेनालाई दिएकोहो । २०८१ मंसिरभित्र निर्माणको काम सक्किनुपर्ने थियो । तर, यो अवधीमा निर्माण नसकिने भएपछि ०८३ चैतसम्म म्याद थप गरिएको छ ।

७१ किमिमध्ये ६४ किलोमिटरमा ठेक्का व्यवस्थापन भएको छ । खोकना खण्डको जग्गा विवाद भने अझै टुंगिएको छैन । यसैले गर्दा यो खण्डको ६.५ किमि क्षेत्रमा ठेक्का व्यवस्थापनको काम हुन सकेको छैन । यो खण्डलाई अन्तिम ११ नम्बर प्याकेजमा राखिएको छ । अहिलेसम्म समग्र आयोजनाको भौतिक प्रगति करिव ३४ प्रतिशत छ ।

मकवानपुरका चिकित्सक संगठित

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/बालरोगसम्बन्धी बरिष्ठ बिशेषज्ञ डा. हरिबहादर खड्कोको संयोजकत्वमा नेपाल चिकित्सक संघ मकवानपुर जिल्ला कार्यसमिति चयन गरिएको छ । डा. खड्काको नेतत्वमा रहेको समितिमा बरिष्ठउपाध्यक्ष डा. रामचन्द्र सापकोटा, उपाध्यक्ष प्रमोदकुमार चौरसिया, सचिव डा. राजु सेढाईं चयन भएका छन् ।

संघको कोषाध्यक्षमा डा. सुभाषकुमार बनैता, सहसचिवमा डा. मा. आरिफ करिम चयन भएका छन् । त्यस्तै सदस्यहरुमा डा. सुयोग्य वाग्ले, डा. सुनिल साह, डा. प्रसान्त बिडारी, डा. आसुतोषकुमार दास, डा. अमरदीप मण्डल, डा. घनश्यामप्रताप साह चयन भएका छन् । शुक्रबार हेटौंडामा भएको चिकित्सकहरुको बृहत भेलाले तदर्थ समिति गठन गरेको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream Into AIM
लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा | बैंकिङ कक्षा तयारी
खरिदार | नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा | नेपाल टेलिकम तह ४
● Computer in Graphic Design
● Computer in web Devlopment
● Computer in Accounting Package
50% OFF for +2 Student
● Diploma in Computer
● Japanese Language
● IELTS/PTE Class
☛ शान्त तथा स्वच्छ वातावरण
☛ दक्ष तथा अनुभवी शिक्षक
☛ हरेक हप्ता Model Test
☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096, 9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।
सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

साइबर अपराधीबाट एप्पलले जोगायो ९ खर्ब रुपैयाँ

अमेरिकी कम्पनी एप्पलले सन् २००८ मा एप स्टोर लञ्च गरेको थियो । त्यसयता कम्पनीले यसको सुरक्षाका लागि सदैव साइबर प्रविधि उद्योगको सबैभन्दा उन्नत प्रविधिको प्रयोग गर्दै आएको छ । एप्पलको सोही साइबर सुरक्षा प्रविधिका माध्यमबाट प्रयोगकर्ताहरुको ७ अर्ब अमेरिकी डलर जोगिएको छ।

एप्पलका अनुसार सन् २०२० देखि सन् २०२३ सम्ममा खतरनाक साइबर ठगीजन्य कारोबारहरु रोकेर उसले प्रयोगकर्ताहरुको अर्बौं डलर जोगाइदिएको छ । त्यसमध्ये १ अर्ब ८० करोड डलर त केवल २०२३ मा मात्रै बँचाइएको छ ।

आफ्नो चौथो वार्षिक ठगी रोकथाम विश्लेषण रिपोर्टमा एप्पलले यस्तो दाबी गरेको हो । जस अनुसार एप्पलले १ करोड ४० लाख वटा चोरी गरिएको क्रेडिट कार्डहरु ब्लक गरिसकेको छ र ३३ लाख वटा अकाउन्टहरूलाई ती कार्डमार्फत् रकम चोरी गर्नबाट रोकेको छ ।

गतवर्ष सन् २०२३ मा मात्रै एप्पलले चोरीको क्रेडिट कार्डबाट हुने ३५ लाख वटा किनमेल कारोबार रोक्न सफल भएको छ । त्यसक्रममा ११ लाखवटा यस्ता अकाउन्टहरुमाथि प्रतिबन्ध लगाइएको छ जसले चोरीको कार्डबाट सामान किन्ने कोसिस गरिरहेका थिए ।

एप्पलले सार्वजनिक गरेको वार्षिक ठगी विश्लेषण रिपोर्टमा एप्पल स्टोरका नियमहरुले प्रयोगकर्ताहरुलाई ठगीका एपहरु ऋादिबाट जोगाउँछ भन्ने बारेमा बताइएको छ । एप्पलले गतवर्ष १७ लाख वटा एपलाई एप स्टोरमा प्रवेशका लागि गरेको निवेदन अस्वीकृत गरिएको जनाएको थियो । ती एपहरुले एप स्टोरको नियमको मापदण्ड पूरा गर्न नसकेको एप्पलको भनाई छ ।

रिपोर्ट अनुसार सन् २०२३ मा एप्पलले करीब ३७ करोड ४० लाखवटा डेभलपर्स तथा ग्राहक अकाउन्टहरुलाई बन्द गरिदिएको छ। त्यसक्रममा एप्पलले गतवर्ष १ लाख १८ हजार वटा डेभलपर्स अकाउन्टमाथि प्रतिबन्ध लगाएको थियो ताकि उनीहरुले ठगी गर्ने एप तयार गर्न नसकून् ।

ठगी सम्बन्धी समस्याका कारण थप करीब ९१ हृजार डेभपलर्सले एप्पलको एप स्टोरमा प्रवेश पाएका थिएनन् ।

एप्पलले ल्याउँदैछ पातलो आइफोन

एप्पलले आगामी वर्ष सन् २०२५ मा पातलो आकारको आइफोन ल्याउने योजना बनाएको छ ।समाचार अनुसार कम्पनीले आइफोनको पातलो संस्करणको विकास गरिरहेको छ जुन सन् २०२५ मा बजारमा आउन सक्दछ ।

रोयटर्सका अनुसार एप्पलको पातलो आइफोनको मूल्यचाहिं आइफोन प्रो म्याक्सभन्दा पनि बढी हुनेछ । सन् २०२५ को सेप्टेम्बरमा आइफोन १७ सिरिजसँगै एप्पलले पातलो आइफोन ल्याउने अपेक्षा गरिएको छ ।

कोड नाम डी २३ बाट एप्पलले आइफोनका विभिन्न डिजाइनहरुको परीक्षण गरि रहेको छ । त्यसमा कम्पनीको सबैभन्दा पछिल्लो पुस्ताको प्रोसेसर ए१९ रहनेछ । यद्यपि यस विषयमा एप्पलले कुनै पनि प्रतिक्रिया नजनाएको रोयटर्सको भनाइ छ ।

पछिल्लो समयमा चीनमा हुवावे र अनर तथा विश्वव्यापी रुपमा सामसुङसँग तीव्र प्रतिस्पर्धा गर्नु परिरहेको आइफोनमा महत्वपूर्ण परिवर्तन गर्नुपर्ने महसुस एप्पलले गरेको छ ।

सन् २०२४ को पहिलो त्रैमासिकमा विश्व स्मार्टफोन बजारमा सर्वाधिक हिस्सा सामसुंगले ओगटेको छ । दक्षिण कोरियाली कम्पनीले २०.८ प्रतिशत बजार हिस्सा कब्जा गर्दा दोस्रो स्थानको एप्पलको १७.३ प्रतिशत छ ।

यौन स्वास्थ्य

बदिलदैछ मान्छेको यौन-व्यवहार



अनौठो मान्नुपर्छ, यौनको कुरा मान्छेलाई निकै चाखलाग्दो लाग्छ । तर, त्यही विषयमा कुरा गर्न मान्छे लजाउँछन् । डराउँछन् । पुरुषहरु त आपसी भेटमा यौनका विषयमा कुरा गर्छन् । तर, महिलाहरु ?

महिलाहरुलाई यौनको विषयमा खुलेर कुरा गर्न छुट दिइदैन । जब उनीहरुले यस्ता कुरा गर्छन् उनीहरुप्रति नै खराब दृष्टिकोण राख्ने गरिन्छ । अनेक आशंका गर्न थालिन्छ । नराम्रो केटीको रुपमा चित्रण गरिन्छ । यहि कारण यौनको कुरामा महिलाहरु मौन रहन्छन् ।

बरु प्राचिन समयमा यौनप्रति यस्तो संकुचन र संकिर्णता थिएन । सदियौंअघि नै वात्स्यायनले 'कामसूत्र' जस्तो गन्थ्र नै लेखे, यौनका विषयमा । त्यसमा यौन जीवनको महत्व मात्र दर्शाइएन यौनबाट कसरी चरम सुखको भोग गर्ने र त्यसका लागि के कस्ता आसनहरु प्रयोग गर्ने भन्नेसम्म खुलाइयो । धेरै टाढा पुग्नै पर्दैन, हाम्रा कतिपय मठ मन्दिरको टुँडालमा समेत यौन आकृतिहरु कुँदिएका छन् ।

तर, समय जति-जति अघि बढ्दै गयो, समाज यौनको विषयलाई लिएर खुम्चदै गयो । यौनलाई 'छाडापन'को रुपमा मात्र बुझ्न थाल्यो । महिला र पुरुषबीचको यौन सम्बन्धलाई कर्के नजर लगाइयो । तर, अब भने यौनको विषयमा ठूलो परिवर्तन आउँदैछ । यस्तो परिवर्तन जो क्रान्तिकारी छ ।

ल्याबमा बच्चा जन्माउने ट्रेन्ड बढ्नेछ

परम्परागत रुपमा यौनको अर्थ केवल बच्चा पैदा गर्नु र वंशलाई निरन्तरता दिनुमा सीमित थियो । तर, विज्ञानले यसमा छलाङ मारेको छ । अब यौन सम्पर्क नगरी पनि बच्चा पैदा गर्न सकिन्छ । आईभिएफ र टेस्ट ट्युबको माध्यामबाट यो काम फत्ते गर्न संभव छ ।

विश्वकै पहिलो टेस्ट ट्युब बेबी सन् १९७८ मा पैदा भएको थियो । त्यसपछि अहिलेसम्म करिब ८० लाख बच्चा यही प्रविधिबाट धर्तीमा आएका छन् । रिसर्चलाई मान्ने हो भने यस किसिमको प्रविधि अपनाएर बच्चा पैदा गर्ने क्रम भविष्यमा अरु तिब्र भएर जानेछ । लेखक हेनरी टी ग्रीली भन्छन्, 'अबको २० देखि ४० बर्षसम्म उमेरका जोडीले ल्याबमा गर्भधारण गर्न रुचाउँछन् । उनीहरु सेक्स बच्चा जन्माउन नभई आनन्द र रमाइलो लागि गर्नेछन् ।'

यदि यौन सम्पर्क बिना नै बच्चा पैदा हुन थाल्यो भने यौनको जरुरत किन ? यौन खासमा दम्पतीको यौन सुखभोगका लागि हो । दुबैको सम्बन्ध अरु कसिलो बनाउनका लागि हो । यदि शारीरिक सुखका लागि महिला र पुरुषले सुरक्षित अनि स्वस्थ हिसाबले यौन सम्बन्ध राख्छ भने त्यो न घृणाको विषय हो, न लाजको नै ।

ग्रीसका विख्यात दाशर्निकले यस विषयमा भनेका छन्, प्रेम कामुक इच्छाको अन्त्य हो । यदि दुई व्यक्तिबीच प्रेम छ भने उनीहरुको मुकाम शारीरिक सम्बन्ध बनाउनेसम्म हुन्छ । अर्थात एकअर्काको प्रेम पाउने माध्याम हो यो ।

हुनसक्छ, जतिबेला मान्छेले यौन सुरु गरे त्यसबेला शारीरिक आवश्यक्ता पुरा गर्नका लागि मात्र गरे । यौन सम्पर्क पछि बच्चाहरु पैदा हुन थाले । अनि यो पारिवारिक सम्बन्धकै एउटा कडी बन्यो ।

तर, अहिलेको समाज पूर्ण रुपमा बदिलएको छ । अहिले यौन सम्बन्धलाई आयआर्जनको माध्याम पनि बनाउने गरेका छन् । कतिपय पेशेवर यौनकर्मी छन् ।

यौन के हो ?

बदिलदो समयसँगै आज केवल मान्छेको सम्बन्ध मात्र बदिलएको छैन । यौन सम्बन्धलाई लिएर मान्छेको सम्बन्ध र सोंच पनि बदिलदैछ । सन् २०१५ मा अमेरिकाका सैन डियागो युनिभर्सिटीका प्रोफेसर जीन एम ट्वीगले एक रिसर्च पेपरमा भनेका थिए सन् १९७० देखि २०१० सम्म अमेरिकामा धेरै हदसम्म मान्छेले विवाह नगरी यौन सम्बन्धलाई स्वीकार्न सुरु गरेका थिए ।

अहिलेका नयाँ पिढीं विवाहपछि मात्र यौन सम्बन्ध राख्नुपर्छ भन्ने पुरातन धारणामा विश्वास गर्दैनन् । उनीहरु यौनलाई अनेक सीमा र सर्तभित्र खुम्च्याउन चाहँदैनन् । पार्टनरसँग राजीखुसीले सुरक्षित सम्बन्ध राख्न कुनै रोकटोक नहुने धारणा राख्छन् । यसलाई न उनीहरु विकृति मान्छन्, न पाप ।

अहिले त महिला पुरुष मात्र होइन, पुरुष र पुरुष वा महिला र महिलावीचको अन्तरंग गतिविधिलाई पनि स्विकार्न थालिएको छ । जति जति यौनप्रति मान्छेको सोच बदिलदैछ, उत्तिनै गे र लेस्बियन सम्बन्धलाई पनि स्विकार गर्न थालिएको छ ।

त्यसैगरी आज पोर्न हेर्ने प्रवृत्ति पनि बढेर गएको छ । जानकारहरु त के सम्म भन्न थालेका छन् भने भविष्यमा यौन अरु बढी डिजिटल र सिन्थेटिक हुनेछ । त्यती मात्र होइन, यौनका अरु नयाँ नयाँ तरिका पनि खोजिनेछ ।

सन् १९६० देखि २०१७ सम्ममा मान्छेको औसत आयु करिब २० बर्षले बढेको छ । अमेरिकी जीव वैज्ञानिक र भविष्यवादी स्टीवेन अस्टाडका अनुसार आउने समयमा मान्छे एक सय पचास बर्षसम्म बाँच्न सक्नेछन् । यति लामो जिन्दगीमा केवल एक मात्र सेक्स पार्टनरसँग जिन्दगी गुजार्न संभव होला ?

जे होस्, समयसँगै मान्छेको यौन जीवनमा परिवर्तन आएको छ । यसको सुरुवात भइसकेको छ । ठूला शहरमा यसको दृष्टान्त स्पष्ट देखिन्छ । दम्पतीबीच यौनकै निहुँमा सम्बन्ध विच्छेद भएको घटनाको चाङ छ ।

सन् २०१३ मा भएको एक सर्वे अनुसार अमेरिकामा हरेक दशमा चौथो जोडीको दोस्रो वा तेस्रो विवाह हुन्छ । आगमी दिनमा प्रतिबद्धता र वैवाहिक जीवनलाई लिएर नयाँ तौरतरिकाहरु आउन सक्छ ।

साहित्य

कविता

चुँडिएको कोपिला

✍सुशीला शर्मा

ममताको आँचल भित्र
लुकेर भर्खर संसार चियाउने,
कोसिस गर्न आटेकी एउटा कोपिला,
निहत्था चुँडिन विवश बनाउनेहरू,
धेरै समयको अन्तराल पछि,
वरिपरि फुल
खोजी रहेको पाइयो,
आफ्नै चितामा अर्पण गर्न ।।

फुललाई गोडमेल र स्याहार गर्नु
बेकार सम्झिएर,
आफ्नै बगैंचाबाट टपक्क टिपेर मारन आउने
बटुवालाई बाँडी दिनेहरू,
धेरै समयको अन्तराल पछि,
खोजी हिँडेको पाइयो,
चाडबाड, पूजा र पितृकार्यमा चढाउन ।।

मातृको स्वर्णिम काख र प्रकृतिको
माधुर्यमाझ आफैं लाई भुलेर
निदाइ रहेकी स्वर्णिम सुन्दरीलाई,
विवश बनाइ संस्कारको नाममा
टपक्क चुँडेर लग्नेहरू नै
वर्षौंपछि,
आफ्नो वृद्ध अवशेषमा पूजा र रक्षा गर्न,
त्यही फुल खोजी हिँडेको
पाइयो ।।

न बीजारोपण भएको परिवेशले सुन्यो,
न बीजारोपण गर्ने प्राणीले सुन्यो,
न सुने नउखेलिदिन गरेका बिन्तीहरू,
फुलेर मात्र चुँडिन्छु बरु भनेका
क्रन्दनहरू छोप्न निकै ठुलो
ढोलकहरू ठटाइए र सिङ्गो बगैंचाको
समाजले मनाइ रह्यो उत्सव,
केबल मातृको मुटु चिरा परेको पाइयो ।।

सपना देख्न पाइन्छ नि,
पाइन्न र ??
एउटा कोपिला भई
धर्तीमा आइ सकेपछि,
सुन्दर सु-सज्जित फुल बनेर,
आफूले आफ्नो मानेको धर्ती र जननी सजाउने,
तर, एक निमेषमा निसंकोच निमोठी
पराइ बगैंचामा पठाउने साहस केबल
निर्ममताको जहर पिउनेहरू सँग मात्र हुन्छ ।।

पराइ धर्तीमा त प्रत्येक पत्र पत्रले
परीक्षा दिनु परेको हुन्छ,
कोपिलाको ज्ञान बुद्धि र विवेक
थाहा पाउन धेरैले सुन्दरताको
आवरण वरिपरि घुमेर,
आ- आफ्नो इच्छापत्र अनुसार
प्रयोग गरि रहेको हुन्छन् ।।

कोही आउँछन् अस्तित्व सारिएको कोपिला
को आवरण हेर्न चराचुरुङ्गी बनेर,
कोही आउनेछन्,
भँवरा बनेर,
कोही आउनेछन्,
जुनकिरी बनेर तर
मालीको मखुन्डो लाएर आएको घर भित्रको
कुपात्रलाई कसरी सहन गर्ने कोपिलाले !!

मायाले जल मल र दृष्टि दिनु पर्नेकै हात
र कु दृष्टि बाट कतिन्जेल छेक्छे,
उस्का जरा काण्ड र पातहरू अब
प्रकृतिमा स्वतन्त्र हुर्कन पाउँदैनन्,
तसर्थ,
जुन सुकै बेला निमोठिन सक्छे,
जुन सुकै बेला सुकाइन सक्छे,
जुनसुकै बेला लुछिन सक्छे ।।

गजल

✍किरण रिजाल "अन्जान"

न हिन्दुले जितेको छ न मुसलमानले
जित्ने त केवल उहीं हजुर सैतानले ।

जिउँदो हुँदा मज्जाले पेलिरहनु नै छ
मरेपछि स्वर्गको आनन्द देला चिहानले ।

चिल्ला चिल्ला कुरा गर्छन् अघिल्तिर
मौका पर्दै पछि छुरा धस्छन् बेइमानले ।

हर सम्भव छ यदि जाँगर चलाएमा
हनुमान सोझिन्छन् मात्र गोरु चुटानले ।

म बुढो सम्झिदिन आफैलाई महोदय
पट्टो जवान सम्झन्छु इमानले जबानले ।

कविता

नमेटिने घाउ

✍सुशील लामा
पाँचखाल-११, काभ्रेपलान्चोक

उनी भन्दैछन् ।
नदेखिने र नमेटिने घाउ बिर्सेर
अझै युद्ध बाँकी छन् रे !
नयाँ नेपाल बनाउन
नेपाल आमाको मुहार फेर्न
गरिबीको खाल्डोमा जागेको गरिबको जिन्दगी उकास्न
अन्यायमा परेका हरूको लागि
सर्लक्क न्याय दिलाउन
तिमिले गरेको युद्धको कारण
कति के भए ?
कतिले के-के मात्रै गुमाउनु परेन
छ लेखाजोखा ?
फगत हराइ गएको जिन्दगानी को
गरेको छ , हिसाबकिताब ?

म प्राय: राती आकाश हेर्छु
ताराहरू टिमटिम चम्किएको पाउँछु ।
त्यहीं ताराको हुलमा
कल्पनामा देख्छु ,
र सधैं दिमागमा आउनुहुन्छ।
उनले देखाएको बाटोमा हिँड्दा-हिड्दैं
आधा बाटोमा
बेवारिसे लास बनेर गिद्ध र स्यालको आहारा बन्दै
महिनौं सम्म चिहान नपाएर कङ्काल भएको
मैले गुमाएका मेरो आफ्नोको
हृदय विदारक जीवनको कहानी
अनि म बाँचेर जीवन जिउँदै गरेको
मन भरी नदेखिने घाउको
खाटा बसेको पाप्रा उप्काउँदै गर्दा
उहाँ भन्नू हुन्छ अझै
अझै युद्ध बाँकी छन् रे !

कसैले कसैलाई दिएको
आश्वासन र आशीर्वाद
कामनाको कुरा फरक हुन्थ्यो,
फर्केर विगत परिवर्तन गर्न सक्दिन
आशा छ समयले वास्तवमै सबै कुरा निको पार्नेछ ।
आशाको बल्छीमा जीवन उनेर
फगत काल्पनिक खुसी खोलाको किनारमा
जीवनलाई बिसाएर राखेको छु,
घाउहरू बाट पुन: फेरि रगत-पिप नबगुन् भनी
तिनले देखाएका सिद्धान्त को चौतारी भत्काएर
ॐ माने पद्मे जप्दै
शान्ति को स्तुपा ठडाएको छु ।
मेरो मनको देउरालीमा
उनी भने अझै युद्ध बाँकी छन् भन्छन् ।
मेरो दिलको नदेखिने घाउ बिउँझाउन ।

थाहा पाउँदा पाउँदै
अन्तिम शाश्वत सत्य अँगालेर
विभेदको दागहरू मेटिन्छ भन्ने कुरामा
तिमीलाई नदेखिने आस्थाको देउता बनाएर
परिवार को पीडा भुलेर
शासकले दिएको चोटको वजन भन्दा
तिमिले देखाएको मुक्ति मार्ग सहज सम्झेर
भेडा जस्तै बनेर तिम्रो पछि लागि
केही नराम्रो समय पाए पनि,
केही राम्रो समय पाए पनि
सम्झनाहरू साझा गरे आफ्नालाई
मृत्युको खबरहरू साझा गरे आफन्तलाई
रगत बगाएको थियो पानी सरि
गिदी छरेको थियो मसिना दुङ्गा सरि
हात-खुट्टा चुँडाएको थियो
रुखको डाली लाछे सरि
छन् अनेकौं नदेखिने घाउ
र पनि....
तिमी भन्दैछौं युद्ध अझैं बाँकी छ ?

तीनवटा पुल

✍राकेश कार्की

एउटा पुल
कुराकानी चल्दैछ
हुने निधो भइसक्यो
चाँडै नै बन्दैछ
सम्बन्ध हो यो पुल
नयाँ दुई आत्मालाई
प्रेमको नयाँ सुरुवात
मीठा मीठा चाहना

दोस्रो पुल
कति राम्रो अति सुन्दर
सजिएर बनिसक्यो
आरपार गर्नेको भिडभाड
वैवाहिक यात्राको खुसीयाली
प्रेमिल दाम्पत्य जीवन

रमाउँदै सन्तानसँग
नदीको माथिमाथि

तेस्रो पुल
एकान्तमा एक्लै
भत्किएर छाडिएको
टुटेर फुटेर खसेका
अलपत्र दुई किनारामा
चर्किएका दुई मुटु
बिछोडको सम्झना हो यो पुल
आँसु बगिरहेछ धमिलो नदीसँगै

एउटा पुल
दुई प्रेमीको मीठो आशा
दोस्रो पुल
पारिवारिक प्रेम सुख
तेस्रो पुल
बिछोडको बिसेक नहुने घाउ

चित्रकला



दिपशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

शिवशिखरको १६ अर्ब हिनामिना गरेका केदारनाथले गरे ३३ अर्बको सम्पत्ति शुद्धीकरण

काठमाडौं/शिवशिखर बहुउद्देश्यीय र तुलसी बचत तथा ऋण सहकारी संस्थामा बचतकर्ताले राखेको १६ अर्ब रुपैयाँ अपचलन गरेका सञ्चालक केदारनाथ शर्माले त्यसलाई दोब्बरले बढाई शुद्धीकरण गरेको तथ्य भेटिएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गरेको अनुसन्धानबाट यस्तो तथ्य फेला परेको हो ।

उनले भक्तपुरको शिवशिखर सहकारीका बचतकर्ताको १४ अर्ब रुपैयाँभन्दा बढी र विराटनगरको तुलसी सहकारीको करिब २ अर्ब अपचलन गरेको आरोप छ । देशका विभिन्न ३७ जिल्लामा शाखा विस्तार गरी सहकारी ठगी गरेका उनीविरुद्ध जिल्लाजिल्लामा मुद्दा चलिरहेको छ ।

उनी, उनकी श्रीमती र अन्य साझेदारहरूले सहकारीको रकम आफ्नो व्यक्तिगत खाता तथा कम्पनीहरूमा सारेर अपचलन गरेको विभागको अनुसन्धानले देखाएको छ । त्यो सम्पत्तिमध्ये सबैभन्दा बढी केदारनाथ शर्मा एक्लैले २१ अर्ब ८२ करोड रुपैयाँ शुद्धीकरण गरेको विभागको निष्कर्ष छ । त्यस्तै, उनी र श्रीमती गीता शर्माका नाममा दर्ता भएका कम्पनीमार्फत ९ अर्ब ५६ करोड रुपैयाँ शुद्धीकरण गरिएको देखिएको छ ।

साथै, श्रीमती गीता शर्माले ३२ करोड ३३ लाख रुपैयाँ सम्पत्ति शुद्धीकरण गरेको विभागको अनुसन्धानले देखाएको छ । शर्मा दम्पत्तिलाई मुख्य कसुरदार मानी अदालतमा मुद्दा दायर गर्न विभागले जिल्ला सरकारी वकिलको कार्यालय भक्तपुरमा प्रतिवेदन पठाएको छ ।

उनीहरूविरुद्ध कुल ३२ अर्ब ९० करोड ५२ लाख ५२ हजार रुपैयाँ बिगो दाबी गरिएको छ भने बिगोको दोब्बर जरिवाना दाबी गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । साथै, उनीहरूलाई कसुरको मात्रा हेरी २ वर्षदेखि १५ वर्षसम्म कैद हुनसक्ने पनि देखिएको छ । उनीहरूलाई थप १० प्रतिशत सजाय तथा शुद्धीकरण गरिएको बिगो जफत गर्नुपर्ने विभागको प्रतिवेदनमा उल्लेख छ ।

श्रीमान श्रीमतीले सम्पत्ति शुद्धीकरण गर्न धुलाइ मेसिनका रूपमा कानुनी व्यक्तिको प्रयोग भएको विभागले उल्लेख गरेको छ । जसमा प्राकृतिक व्यक्तिलाई हुने सजायको पाँच गुणासम्म सजाय र बिगो जफत गर्न माग गरिएको छ ।

साथै, यो प्रकरणमा सविना न्यौपाने, मन्दिप खवास, तेजबहादुर तामाङ, पुस्कर मल्ल, सुशील बानियाँ, प्रदिप भट्टराई

लगायतलाई पनि मतियारका रूपमा मुद्दा दायर गर्नुपर्ने विभागको भनाइ छ । सविना न्यौपाने विराटनगरको तुलसी सहकारीकी सचिव हुन् भने मन्दीप खवास व्यवस्थापक । यस्तै तेजबहादुर तामाङ, शिवशिखर सहकारीका सचिव, पुष्कर मल्ल सञ्चालक र सुशील बानियाँ प्रमुख कार्यकारी अधिकृत (सीईओ) हुन् ।

के हो शिवशिखर प्रकरण ?

भक्तपुरमा शिवशिखर मार्फत ठगी गर्दै आएका उनले उक्त संस्थाका आफ्नै कर्मचारी सुशील बानियाँलाई अध्यक्ष बनाएर विराटनगरमा तुलसी सहकारीका अध्यक्ष बनेका थिए । दुवै सहकारीमा गरी १६ अर्बभन्दा बढी ठगी भएको विषयमा संचारकर्मीले गत वर्ष नै समाचार प्रकाशित गरेको थियो ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा बचतकर्ताले दुई संस्थामा गरी ११ अर्बभन्दा बढीको मागदाबी गर्दै उजुरी दिएका छन् । समितिमा अझै पनि उजुरी आउने क्रम जारी छ ।

बचतकर्ताबाट उठाएको रकम निजी कम्पनी मार्फत अपचलन गरेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को अनुसन्धानमा खुलेको थियो ।

उनको कम्पनीले भारत र म्यानमारबाट कृषि उपज तथा मेसिनरी आयात गर्दै आएका थिए । आयात हुने वस्तुको खरिद मूल्य वास्तविक भन्दा अत्यधिक देखाइ पूँजी पलायन गराएको सीआईबीको अनुसन्धानले देखाएको थियो । सीआईबीको अनुसन्धानकै आधारमा सरकारी वकिलको कार्यालय भक्तपुरले शर्मालगायत सहकारी सञ्चालक तथा कर्मचारीविरूद्ध १८ जेठ २०८० मा 'सहकारी ठगी र संगठित अपराध' को मुद्दा दर्ता गरेको छ । भक्तपुर सहित ३७ जिल्लामा दुईवटा सहकारी ठगीविरुद्ध मुद्दा चलेको छ ।

त्यो बेला केदारनाथकी श्रीमती गीता शर्मा तथा सञ्चालक समिति सदस्यद्वय पुष्कर मल्ल र अमिस राजभण्डारी मात्र पक्राउ परेका थिए । पछि सीआईबीले शर्मालाई पक्राउ गरी अनुसन्धान गरेर पूरक प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पेस गरेको थियो । शर्मालाई सीआईबीले ११ असारमा भारतमा पक्राउ गरेको थियो ।

शिवशिखर सहकारी अध्यक्ष सुशील बानियाँ, सचिव तेजबहादुर तामाङ र व्यवस्थापक लिलानाथ गौतम भने फरार छन् । उनीहरू अहिले पूर्पक्षका लागि थुनामा छन् । विभिन्न जिल्लामा मुद्दा चलिरहेका उनीहरूलाई प्रहरीले अदालतको आदेश अनुसार उपस्थित गराउँदै आएको छ ।

सहकारीको रकम अपचलन गरेकोमा ठगी मुद्दा चलिर हँदा शर्मा र उनका पत्नी गीतालाई सम्पत्ति शुद्धीकरण विभागले स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको तथा विभिन्न माध्यमबाट त्यसरी आर्जन गरेको सम्पत्ति शुद्धीकरण गरेको अभियोगमा मुद्दा दायर गर्नुपर्ने रायसहितको प्रतिवेदन जिल्ला सहकारी वकिलको कार्यालय भक्तपुर पठाएको छ ।

शर्माले सहकारीमा संकलन गरेको बचत रकम दुरुपयोग गर्न कम्पनी खडा गरेका विभागले उल्लेख गरेको छ । उनले सहकारीको रकम शिखर अर्गनाइजेसन, गार्डेन मार्ट, शिवशिखर एग्रोलगायत १० कम्पनीको नाममा खडा गरी ती कम्पनीको नाममा ५ अर्ब १३ करोड रुपैयाँ कृत्रिम ऋणमार्फत अपचलन गरेको विभागको आरोप छ ।

गार्डेन मार्ट, तुलसी मोटर पम्प, तुलसी अनुसन्धान केन्द्र, तुलसी राइस एन्ड च्युरा उद्योग लगायत कम्पनीका नाममा १ अर्ब १६ करोड रुपैयाँ थप अपचलन गरेको आरोप उनीमाथि छ । उनीमाथि ७ अर्ब ५८ करोड बराबर सम्पत्ति गैरकानुनी रूपमा प्राप्त गरेको आरोप पनि छ ।

केदारनाथ र गीतामाथि तुलसी सहकारीको १६ करोड ९७ लाख र शिवशिखर सहकारीमा १ अर्ब ११ करोड रुपैयाँ सिधै अपचलन गरेको आरोप छ । केदारनाथले ५९ कम्पनीमा लगानी गरेका थिए भने पत्नी गीताले १३ कम्पनीमा लगानी गरेको भेटिएको सम्पत्ति शद्धीकरण विभागले उल्लेख गरेको छ ।

सम्पत्ति शुद्धीकरण अभियोग लगाउनुपर्ने रायसहित विभागले जिल्ला सरकारी वकिलको कार्यालय भक्तपुरमा अनुसन्धान प्रतिवेदन बुझाउँदै छ । सरकारी वकिलको कार्यालयले जिल्ला अदालत भक्तपुरमा मुद्दा दायर गर्ने छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले शर्माविरूद्ध ३२ अर्ब ९० करोड बिगो मागदाबी सहित अनुसन्धान प्रतिवेदन तयार गरेको छ । सम्पत्ति शुद्धीकरण अभियोगमा यो हालसम्मकै ठूलो बिगोसहित मुद्दा हो ।

नेपालमा मात्र नभई भारत र म्यानमारमा पनि लगानी

शर्माले म्यानमार यांगुनमा न्यु गोल्डेन एभरेस्ट नामको कम्पनी दर्ता गरेका छन्, जसले दाल तथा दालको गेडा शिखर अर्गनाइजेसनलाई पठाउने गरेको छ ।

केदारनाथ शर्माले भारतमा नेपाशिखर अर्गनाइजेसन इन्डिया लिमिटेड दर्ता गरेका थिए । सहकारी सञ्चालक अमिश राजभण्डारीले पनि सीआईबीलाई दिएको बयानका क्रममा शर्माले 'नेपाशिखर अर्गनाइजेसन इन्डिया लिमिटेड' नामक कम्पनी दर्ता गरेर व्यवसाय गर्ने गरेको बताएका थिए । यो कम्पनी भारतको कर्पोरेट अफेयर्स मन्त्रालय अन्तर्गत विदेशी कम्पनीको सब्सिडियरी कम्पनीका रूपमा दर्ता भएको छ ।

सहकारी स्रोतको मात्रै दुरुपयोग नभएर शर्माका विभिन्न कम्पनीमा बैंकहरूको अर्बौं लगानी समेत जोखिममा परेको छ । बैंकहरूबाट करिब साढे ५ अर्ब हाराहारी कर्जा लगानी भएकोमा केही कर्जा बाहेक अधिकांशमा कमसल धितो रहेको छ ।

शर्माले सबैभन्दा धेरै कर्जा नेपाल एसबीआई बैंकबाट लिएको स्रोतको दाबी छ । बैंकले करिब पौने २ अर्ब कर्जा शर्माका विभिन्न कम्पनीमा लगानी गरेको छ । एसबीआई बैंकले शिखर अर्गनाइजेसनका कम्पनीलाई ऋण दिएको तर त्यसको यकिन तथ्यांक भने भन्न नसक्ने बैंकका प्रमुख कर्जा अधिकृत अर्जुन नेपालले संचार कर्मीलाई बताएका थिए ।

यसबाहेक नबिल बैंकले करिब २० करोड कर्जा लगानी गरेको छ । शर्माको वाटर पम्प कम्पनीमा नबिल बैंकको लगानी र हेको र त्यसको धितोसमेत रहेको बैंकले बताएको थियो ।

केदारनाथ र उनकी श्रीमती गीताको नाममा रहेका विभिन्न कम्पनीमा हिमालयन बैंकको सवा अर्बभन्दा बढी कर्जा लगानी भएको स्रोतको दाबी छ । यस्तै, नेपाल इन्भेस्टमेन्ट बैंकको करिब ९० करोड कर्जा लगानी छ ।

त्यसैगरी माछापुच्छे बैंकले उनका दुई उद्योगमा करिब ६८ करोड लगानी गरेको छ । उक्त कर्जाको धितो बैंकले गैरबैंकिङ सम्पत्तिमा बुक गरेको छ । उनको कम्पनीमा प्रभु बैंकको करिब ४० करोड लगानी रहेको स्रोतको भनाइ छ । यसबाहेक एनएमबी बैंकले पनि करिब ८ करोड कर्जा लगानी गरेको थियो ।

शर्माले भक्तपुर र मोरङमा रहेको दुइटा सहकारी संस्थाबाट आफ्नो निजी कम्पनीमा विनाधितो ऋण लगानी गर्दै गए । कुनै एक ठाउँमा सुरुमा एउटा कम्पनी दर्ता गर्ने र उक्त कम्पनीमा सहकारी संस्थाबाट कर्जा लगानी गर्ने निर्णय सञ्चालक समितिबाट गर्ने गरेका थिए ।

त्यसपछि सोही प्रकृतिको कम्पनी अर्को स्थानमा आफ्नो निजी कम्पनीका रूपमा दर्ता गर्ने र उक्त कम्पनीमा सहकरीबाट लिएको ऋणबाट सम्पत्ति जोड्न तथा बैंकबाट लिएको ऋणबाट समेत जग्गासहित कम्पनीको आफ्नो निजी व्यवसायका रूपमा अगाडि बढाउने गर्दै आएका थिए ।

(स्रोत: अनलाइनखबर)

किम्फमा महिला फिल्ममेकरको उल्लेखनीय सहभागिता

काठमाडौं/काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय फिल्म फेस्टिभल (किम्फ)को २१ औं संस्करणमा महिला फिल्ममेकरको उत्साहजनक सहभागिता हुने भएको छ । फेस्टिभलमा स्क्रिनिङ हुने ६० फिल्ममध्ये ४० फिल्मको निर्माण महिलाले गरेका हुन् ।

किम्फले शुक्रबार पत्रकार सम्मेलन गर्दै आसन्न संस्करणबारे जानकारी दिएको हो । यस वर्ष २२ देशका ६० भन्दा बढी फिल्म स्क्रिनिङ हुनेछन् । १५ विदेशी फिल्ममेकर नेपाल आउँदैछन् ।

फेस्टिभलबारे जानकारी दिंदै आयोजक किम्फ फाउण्डेसनकी अध्यक्ष रम्यता लिम्बूले यसपटक महिला मेकरको दबदबा हुने बताइन् । '६० मा ४० फिल्मको निर्माता महिला नै छन् । यो उत्साहजनक सहभागिता यसपटक देखिदैछ,' उनले भनिन् ।

फेस्टिभलमा बढीभन्दा बढी दर्शकको सहभागिता गराउन कार्यक्रम आयोजना र सञ्चारको पक्षमा काम हुने उनले बताइन् । 'नेपालमा मात्र होइन, पछिल्लो समय विश्वभर नै फेस्टिभलमा दर्शकीय सहभागितामा कमी आएको छ,' उनले भनिन्, 'दर्शकको सहभागिता बढाउन प्रोग्रामिङ र कम्युनिकेसनमा काम हुनेछ ।'

आयोजक किम्फ फाउण्डेसनका सदस्य शेखर खरेलले सगरमाथा दिवसको अवसरमा महोत्सव आयोजना गरिएको बताए । यसअघि डिसेम्बरमा फेस्टिभलमा आयोजना गरिएपनि यसपटकदेखि गर्मीयाममा फेस्टिभल आयोजना हुन लागेको बताए ।

'दिन लामो हुने भएकाले बेलुका ५ नबज्दै दर्शकलाई घरमा

जान यसपटक हतार हुनेछैन । यसपटकदेखि हामीले यो अभ्यास थाल्दैछौं,' उनले भने ।

पत्रकार सम्मेलनमा फिल्ममेकर र सञ्चारकर्मीबीच अन्तरक्रिया गरिएको थियो । यसपटक जेठ १६ देखि २० जेठसम्म राष्ट्रिय सभागृह र पर्यटन बोर्डमा फेस्टिभल आयोजना हुँदैछ । यस वर्षको किम्फको नारा 'इकोज अफ चेन्ज' राखिएको छ । महोत्सव इटालियन निर्देशक ब्रान्डो क्विलिचीको 'द टाइगर्स नेस्ट'को एसिया प्रिमियरदेखि सुरु हुनेछ ।

महोत्सवको अन्तर्राष्ट्रिय प्रतियोगितामा वृत्तचित्र, आख्यान (कथानक), लघु तथा प्रयोगात्मक फिल्म समावेश छन् । नेपाल पानोरामा शीर्षकअन्तर्गत नेपालको कथा उजागर गर्ने कथा प्रस्तुत हुने जनाइएको छ ।

किम्फ २०२४ को एउटा मुख्य आकर्षणको रुपमा 'बाइ दोज हु व्हेयर देअर १९२१, १९२२, १९२२, १९२४' शीर्षकमा फिल्मसँगै एक शताब्दीअघिको सगरमाथा आरोहण प्रयासको दुर्लभ फोटो तथा कथानकको प्रदर्शनी हुनेछ ।

नेपाल-कोरिया मित्रताको ५० औं वर्षगाँठको उपलक्ष्यमा भाषा र संस्कृतिमा भिन्नताका बाबजुद दुई देशबीचको समानता झल्किने उल्जु माउन्टेन फिल्म फेस्टिभल कोरियाका फिल्मको विशेष प्रदर्शन हुनेछ ।

निर्णायकमण्डलले अन्तर्राष्ट्रिय विधाका तीन फिचर आख्यान, ११ फिचर वृत्तचित्र, सात लघु आख्यान र सात लघु वृत्तचित्र तथा नेपाल प्यानोरमा विधाका १३ वृत्तचित्र र १६ आख्यानमध्येबाट विजेता छनोट गर्नेछ ।

अन्तर्राष्ट्रिय विधामा सर्वोत्कृष्ट फिचर वृत्तचित्रलाई १५ सय अमेरिकी डलर, उत्कृष्ट लघु वृत्तचित्रलाई एक हजार डलर, उत्कृष्ट फिचर कथानकलाई १५ सय डलर र उत्कृष्ट लघु कथानकलाई एक हजार डलर पुरस्कार प्रदान गरिने जनाइएको छ ।

नेपाल पानोरमामा सर्वोत्कृष्ट वृत्तचित्र र उत्कृष्ट कथानक फिल्मले एक-एक लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

महोत्सवमा 'माउन्टेन्स म्याटर : अ कल फ्रम द हिमालयज' शीर्षकको छलफल र अमेरिकी दूतावासको सार्वजनिक मामिला विभागसँगको सहकार्यमा 'वुमेन बिहाइन्ड द क्यामेरा' शीर्षकको प्यानल छलफल आयोजना हुनेछ ।

'सानो संसार' नाममा फेरि फिल्म बन्दै, घटस्थापनामा रिलिज

काठमाडौं/सन् २००८ को चर्चित फिल्म 'सानो संसार'को नाममा एकपटक फेरि फिल्म बन्ने भएको छ । 'चपली हाइट' निर्माता अर्जुन कुमारले फिल्मको निर्माण गर्न लागेका हुन् । शुक्रबार बिहान कमलादीस्थित गणेश मन्दिरमा शुभमुहूर्त गर्दै फिल्मको निर्माण घोषणा गरिएको । फिल्ममा मुख्य भूमिकामा देखिन लागेकी सीतादेवी तिमल्सिना (केदार घिमिरे 'माग्ने बुढा'की श्रीमती)ले मुहूर्त सट दिएकी थिइन् ।

सिद्धार्थ पुडासैनीको डेब्यु निर्देशनमा बन्न लागेको फिल्ममा सीतादेवीसहित राज पंगेनी शर्मा, अनु दाहाल, अन्जसा रिजाल, शिशिर शिवाकोटी आदिको अभिनय रहनेछ । उनीहरु सबैले यही फिल्मबाट डेब्यु गर्दैछन् । यही जेठ अन्तिमबाट काठमाडौं, धादिङ र नुवाकोटमा छायांकन हुने निर्माता कुमारले बताए । अघिल्लो 'सानो संसार'सँग फिल्मको

कुनै सम्बन्ध नरहेको पनि उनले प्रष्ट्याए ।

फिल्ममा निर्देशक सिद्धार्थ र सरिष्मा पुडासैनीको संयुक्त लेखन छ । शुभमुहूर्तसँगै फिल्मको प्रदर्शन मिति पनि घोषणा गरिएको छ । आगामी दशैंको घटस्थापना अर्थात् असोज १७ गतेबाट फिल्म सार्वजनिक प्रदर्शनमा आउने भएको छ । अर्जुन कुमार फिल्मस् र राजधानी मिडिया एड प्रोडक्सनको संयुक्त निर्माण रहने फिल्मले सानो परिवारको कथालाई पेश गर्ने निर्देशक पुडासैनीले बताए ।

निर्माता कुमार भने फिल्म कन्टेन्टले चल्ने भएकाले नयाँ कलाकार लिएको बताउँछन् । 'फिल्ममा 'स्टार' चाहिन्छ भन्ने भ्रमबाट मुक्त हुनुपर्छ । नयाँले पनि धेरै राम्रो गर्न सक्छन् । एउटै कलाकार र निर्देशकको भरमा फिल्म क्षेत्र टिकिरहन्छ भन्ने होइन । केही नयाँ गर्नुपर्छ ।' उनले फिल्मको कथा मन परेकाले आफू जोडिएको बताए । उनले पछिल्लोपटक 'चपली हाइट ३' निर्माण गरेका थिए ।

कोरानाको नयाँ भेरियन्ट कति घातक ?

काठमाडौं/नेपालमा कोरोना भाइरस (कोभिड-१९) को नयाँ सबभेरिएन्ट भेटिएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले गरेको जिनोम सिक्वेन्सिङमा कोभिड-१९ को नयाँ सबभेरिएन्ट 'केपी.१' र 'केपी.२' भेटिएको हो । अल्फा, बेटा, डेल्टा र ओमिक्रोन हुँदै कोरोनाका नयाँ-नयाँ भेरिएन्ट फेला परेका थिए । 'केपी.१' र 'केपी.२' ओमिक्रोनका सबभेरिएन्ट हुन् ।

पछिल्लो समय भारत, सिंगापुर, अमेरिकासँगै अफ्रिकी मुलुकमा ओमिक्रोनका नयाँ सबभेरिएन्ट 'केपी.१', 'केपी.२', 'केपी.३', 'केपी.४' देखिएको थियो । नेपालमा पनि ४० कोभिड संक्रमितको नमुना जिनोम सिक्वेन्सिङ गरेको थियो, जसमा ४२ प्रतिशतमा नयाँ भरियन्ट भेटिएको छ ।

२ नमुनामा ओमिक्रोन (जेएन.१), १२ नमुनामा न (बीए.२), १७ नमुनामा (केपी.१), एक नमुनामा (केपी.२) र क्रमशः १ नमुनामा (केपी.३) र (केपी.४) भेटिएको हो ।

नेपालमा पहिलो पटक माघ २०७६ मा कोरोना संक्रमण पुष्टि भएको थियो भने ४ जेठ २०७७ मा संक्रमणका कारण मृत्यु भएको थियो । सरकारी तथ्यांक अनुसार हालसम्म करिब १२ लाख केस भेटिएका छन् भने १२ हजारभन्दा बढीको मृत्यु भएको छ । नेपालले चारवटा कोरोनाका लहर सामना गर्नुपर्‍यो । डेल्टा, अल्फा, ओमिक्रोन लगायत भेरियन्ट नेपालमा देखिए । अन्य भेरियन्टको तुलनामा ओमिक्रोन संक्रामक रहे पनि कम घातक देखियो ।

कोरोना संक्रमण सुरु भएको २०७६ माघ ९ गतेदेखि २०७७ चैत १ गतेसम्म पहिलो लहरको रूपमा रहृयो । संक्रमण रोकथामका लागि सरकारले झण्डै चार महिना लामो लकडाउन गर्नुका साथै पीसीआर परीक्षणमा जोड दिएको थियो । तर स्वास्थ्य पूर्वाधारको अपर्याप्तता र महामारीलाई गम्भीर रूपमा नलिंदा संक्रमण रोकिएन । स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार पहिलो लहरमा २ लाख ७५ हजारको हाराहारीमा संक्रमण देखिएको थियो । जसमध्ये ३ हजार १४ जनाको मृत्यु भयो ।

पहिलो लहर विस्तारै सामान्य हुँदै जाँदा राजनीतिक गतिविधि बढे, सर्वसाधारणले पनि जनस्वास्थ्यको मापदण्ड नअपनाउँदा दोस्रो लहर निम्त्यायो । दोस्रो लहर बढी घातक भयो । संक्रमित संख्या हवात्तै बढ्दा अस्पतालका स्रोत र साधनले थेग्न सकेनन् भने अक्सिजनकै अभावमा धेरैले ज्यान गुमाए । दोस्रो लहरमा मात्र ८ हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो । दोस्रो लहरमा रूप परिवर्तन भएर फैलिएको संक्रामक भाइरसले दीर्घरोग तथा बिरामी मात्र होइन, सबै उमेर समूहलाई गम्भीर गरायो ।

तेस्रो लहरमा भने पहिलाभन्दा कम क्षति हुनपुग्यो । तर तीन तहका सरकारबीच समन्वय अभाव हुँदा संक्रमण नियन्त्रणभन्दा बाहिर हुनपुग्यो । पहिलो तथा दोस्रो लहरमा नाका व्यवस्थित नहुँदा क्षति भोग्नुपरेको देख्दै गर्दा सरकारले तेस्रो लहरमा पनि सीमामा संक्रमितलाई अलग गर्ने संरचना बनाउन सकेन ।

यद्यपि आम नागरिकमा बढेको सचेतना, पूर्णरूपमा खोप लगाउनेहरूको बढ्दो संख्या र अस्पताल पूर्वाधारमा भएको बढोत्तरीका कारण बढी भयावह हुन पाएन ।

चौथो लहरमा भने संक्रमित संख्यामा केही ग्राफ उकालो लागे पनि धेरै क्षति हुन पाएन । मन्त्रालयको तथ्यांक अनुसार तेस्रो र चौथो लहरमा १३०० को हाराहारीमा मृत्यु भयो । पछिल्ला दिनमा कोरोनाभाइरस संक्रमित संख्या निरन्तर घटेकाले धेरैले यसलाई बिर्सिन पनि थालेका छन् । तर जनस्वास्थ्यविद्हरू भने महामारीकै रूपमा देखा नपर्ने संकेत भएता पनि समाजमा सामान्य रूपमा कोरोनाको प्रजाति घुमिरहने बताउँछन् ।

नयाँ भेरियन्ट कति घातक ?

ओमिक्रोको सबभेरियन्ट 'केपी.१', 'केपी.२' कति घातक हुन्छ भन्ने अहिलेसम्म यकिन भएको छैन । तर प्रारम्भिक अध्ययनबाट कम घातक मानिए पनि जेष्ठ नागरिक र दीर्घरोगीलाई भने अस्पतालै पुऱ्याउन सक्ने विज्ञ बताउँछन् ।

विश्व स्वास्थ्य संगठनले पनि संक्रमण घातक नभए पनि दीर्घरोगी र बालबालिका सचेत हुनुपर्ने जनाएको छ ।

(स्रोत: अनलाइनखबर)

वीर अस्पतालमा १०० जना नर्सका लागि रोजगारीको अवसर

काठमाडौं/चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालले करार सेवामा १०० जना नर्स पदपूर्ति गर्ने भएको छ । अस्पतालले शुक्रबार सूचना जारी गर्दै योग्यता पुगेका नर्सले सात दिनभित्र दरखास्त दिन सक्ने जनाएको हो ।

लिखित परीक्षाबाट नर्सको छनोट गरिने छ भने परीक्षा २६ जेठका लागि तोकिएको छ । परीक्षामा २०८० मंसिर १ गते प्रकाशित सूचनाका आधारमा दरखास्त भरेका नर्सहरूले पनि सहभागी हुन सक्ने अस्पतालले जनाएको छ ।

अस्पतालले गत मंसिरमा पनि विज्ञापन खुलाएको थियो । तर विविध कारणले उक्त प्रक्रिया रोकिएको थियो । यसपटकको विज्ञापनमा यसअघिको प्रक्रियामा संकलन भएका आवेदन स्वत: कायम हुने अस्पतालले जनाएको छ ।

गत मंसिरमा आह्वान भई बीचमा स्थगित विज्ञापनमा १ हजार ३०० बढीले दरखास्त हालिसकेको अस्पतालले जनाएको छ । अस्पतालले लिखित परीक्षामा सबैभन्दा बढी नम्बर ल्याउन सफल हुने एक सय जनालाई नै रोलक्रम (मेरिट) का आधारमा नियुक्त गर्नेछ ।

न्याम्सका उपकुलपति प्रा.डा. भुपेन्द्रकुमार बस्नेतले एकदेखि सयसम्म मेरिटका आधारमा छनोट हुने र त्यसपछिका ५० जनालाई वैकल्पिक उम्मेदवारका रूपमा राख्ने बताए ।

करारमा भएका नर्सहरू स्वास्थ्य मन्त्रालयको दरबन्दी अन्तर्गत लोक सेवा आयोगबाट स्थायी पदपूर्ति भई आएमा वा अस्पताललाई आवश्यक नभएमा स्वत: हट्ने छन् ।

'गाउँ आएको बाटो'मा दयाहाङलाई लिन डराएका थिए नवीन सुब्बा

काठमाडौं/केही समयअघि आफ्नो एउटा लेखमा 'नुमाफुङ' निर्देशक नवीन सुब्बाले भनेका थिए, 'आदिवासी जनजातिका दयाहाङजस्ता केही अनुहारहरु नेपाली फिल्ममा स्थापित भए पनि उनीहरु राजेश हमाल परम्पराका पुनरावृत्ति मात्र हुन् ।' उनको आशय थियो, नेपाली फिल्ममा अनुहारको विविधता थपिए पनि दयाहाङले हमालझैं गुणस्तर भन्दा संख्यात्मक अभिनयमा जोड दिंदा आफ्नो लय गुमाए ।

तर, उनै दयाहाङलाई लिएर निर्देशक सुब्बाले फिल्म 'गाउँ आएको बाटो' बनाएका छन्, जुन यही जेठ २५ गतेबाट प्रदर्शन हुँदैछ । स्क्रिप्ट लेखनकै समयमा फिल्मको 'माइला' पात्रका लागि एकजना 'नन् एक्टर'सँग कुरा गरिएको थियो । तर, ती कलाकारले चरित्र निर्माणलाई हलुका रुपमा लिएपछि कास्टिङ डिरेक्टर सृजना सुब्बाले त्यो पात्रमा दयाहाङबाहेक अरुले न्याय गर्न सक्ने देखिनन् ।

तर, निर्देशक सुब्बा दयाहाङलाई लिन डराएका थिए । उनलाई त्यो डर दयाहाङ 'स्टार' भएकोमा थियो । बिहीबार फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा उनले भने- 'दयाहाङलाई 'कास्ट' गर्न मलाई सुरुमा डर लागेको थियो । किनभने, 'स्टार ट्रेन्डट्रोम' हामीले देखिरहेको र भोगिरहेकै कुरा हो । दयाहाङ ठूलो 'स्टार' भइसकेका छन् । यसैले फिल्ममा उहाँलाई लिन मलाई डर लागेको हो ।'

खासमा उनी फिल्ममा 'नन् एक्टर' लिने सोचमा थिए । तर, दयाहाङले पनि काम गर्ने इच्छा देखाएको सुनेपछि उनी किन सँगै काम नगर्ने भन्ने सोचमा पुगेका थिए । उनी भन्छन्, 'सुरुमा 'नन् एक्टर 'सँगै काम गर्ने कुरा भएको थियो । पछि दयाजीले काम गर्ने इच्छा राखेको सुन्नमा पाएँ । फिल्मले राई समुदायको कथा भन्छ र दयाजी पनि राई समुदायकै भएकाले किन सँगै काम नगर्ने भन्ने भयो ।' 'गाउँ आएको बाटो' अफर गर्दा दयाहाङलाई उनले १५ केजी तौल घटाउनुपर्ने सर्त राखेका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

पाँच हजार युवालाई सीप सिकाउँदै प्रदेश युवा परिषद्

प्रतिक्षा न्यौपाने

हेटौंडा, ११ जेठ/ युवालाई देशको मेरुदण्डको रुपमा हेर्ने गरिन्छ । कुनैपनि देशको विकासको संम्बाहक वा निर्णायक शक्तिको रुपमा पनि युवापुस्तालाई हेर्ने गरिन्छ । तर, विडम्बना आधाभन्दा धेरै जनसंख्याको हिस्सा रहेको हाम्रो युवापुस्तामा चरम निराशा देखिन्छ । स्वदेशमा केही हुँदैन भन्दै उज्वलभविस्यको खोजीमा परदेशिने युवाको जमात दिन प्रतिदिन बढ्दै गएको छ ।

देशका शिक्षित दक्षजन शक्ति दिन प्रतिदिन बाहिरिदा एक हिसाबले रेमिट्यान्स आउने क्रम बढेको देखिए पनि त्यसले देशलाई दीर्घकालीनरुपमा भने निकै असर पार्छ । पछिल्लो समय देशभित्र देखिएको यस्तै तितो पृष्ठभूमिबीच बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालयअर्न्तगतको प्रदेश युवा परिषदले भने स्वदेशमै युवालाई आत्मनिर्भर बनाउन विभिन्न किसिमका तालिम सहित उत्प्रेरणा जगाउने काम गरिरहेको छ ।

संघीय संरचनामा गएसँगै स्थापना भएको बागमती प्रदेश सरकारले युवा परिषद् ऐन २०७६ बनाएको थियो । सोही ऐनको दफा ३१ ले दिएको अधिकार प्रयोग गरी प्रदेश युवा परिषद् नियमावली २०७७ बनाएको थियो । सोही ऐन र नियमावालीको आधारमा युवा हेर्ने मन्त्रालयअन्तर्गत रहने गरी प्रदेश युवा परिषद्को २०७८ मा स्थापना भई कार्य सञ्चालन आएको हो ।

प्रदेश सरकाले आफ्नो नीति तथा कार्यक्रममा युवाका विषयलाई विषेश चासोको साथ हेदै प्रत्येक वर्ष बजेट विनियोजन गर्दै आएको छ । परिषद स्थापनाको पहिलो वर्ष आर्थिक वर्ष २०७७/७८ मा ७२ लाख रुपैयाँ बिनियोजन गरेकोमा आर्थिक वर्ष २०७८/७९ मा बजेट बढाउदै ५ करोड १२ लाख रुपैयाँ बिनियोजन गरेको थियो । आर्थिक वर्ष २०७९/८० मा ६ करोड २३ लाख रुपैयाँ र आर्थिक वर्ष २०८०/८१ म १७ करोड ८३ लाख ९३ हजार रुपैयाँ विनयोजन गरेको थियो ।

परिषद्ले बागमती प्रदेशका विभिन्न जिल्लामा युवालाई विभिन्न किसिमका सीपमूलक तालिम दिई स्वदेशमा रोजगारी सिर्जनाका साथसाथै आत्मनिर्भर बनाउने काम गर्दै आएको छ । यो वर्ष पाँच हजार जनालाई सीप सिकाउँदै प्रदेश युवा परिषद् बागमतीको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत बनेपामा सञ्चालित ३९० घण्टे प्लम्बिङ तालिम, मकवानपुरको मनहरी गाउँपालिकामा महिला लक्षित ३९० घण्टे ढाका बुनाइ तथा उत्पादन सम्बन्धी सीपमूलक तालिम, यस्तै हेटौंडामा रहेको सशस्त्र प्रहरी बल १४ नम्बर गणमा आयोजित 'मन्टेश्वरी तालिम' ३९० घण्टेलगायतका अन्य तालिमहरु समेत विभिन्न जिल्लामा सञ्चालन गर्दै आएको छ ।

परिषद्ले तालिमलाई तालिममा मात्रै सीमित नराखी उनीहरुलाई स्वरोजगार बनाएको छ । यस्तै परिषदले चालु आर्थिक वर्षमा मानवबेचविखन, महिलाहिंसा, जातीय तथा लैङ्गिकविभेद, लागुपदार्थ दुर्व्यसन, साइबर क्राइम तथा सुसासनसम्बन्धी सचेतना कार्यक्रम प्रदेशका १३ जिल्लामा संचालन गरेको छ । परिषद्का सदस्य तथा जिल्ला युवा समितिका पदाधिकारीको २ दिने क्षमता विकास तालिम संचालन, प्रदेशका १३ जिल्लाका एक/एक नगरपालिका प्रमुख वा उपप्रमुख तथा गाउपालिका अध्यक्ष वा उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतलाई युवामैत्री स्थानीय तह बनाउन २ दिने कार्यक्रम संचालन गरेको थियो ।

सीपमुलक तालिम ३९० घण्टे पूर्णरोजगार तथा सीपमुलक तालिम ३६० जनाका लागि संचालन, युवा परिषद् स्वरोजगार कार्यक्रम अन्तर्गत कृषि तथा पशुपालन व्यवसायमा लागेका ५० जना युवा उद्यमीलाई ५० हजार रुपैयाँ बराबरको सामग्री वितरण

कार्यको सम्झौता गर्नुको साथै युवावाट कला र साहित्यको उत्थान र संरक्षणका लागि १ दिने युवा कवि सम्मेलन, सीपमुलक तालिम ३ सय ९० घण्टे, १ सय ६० घण्टे तथा छोटो अवधिको तालिमवाट ४ हजार युवालाई सीप सिकाइएको परिषद् कार्यालयप्रमुख रमेश घिमिरे बताए ।

परिषदले मकवानपुरको वस्तीपुरमा लक्षितवर्गका महिला २० जनाका लागि पानीपुरी चट्पटे तथा स्ट्रिट फुड बनाउने तालिम, २० जनाको सहभागितामा मकवानपुरमा अल्लोवाट कपडा बनाउने तालिम, मनहरीमा ढाका कपडा बुनाइ तालिम, लक्षित वर्गका महिला ६० जनाका लागि निशुल्क लोकसेवा तयारी कक्षा संचालन, बागमती प्रदेश युवा सम्मेलन २०८१ संचालन, २०८१ का लागि "बागमती युवा सीप वर्ष(२०८१" घोषणा गरिएको कार्यालय प्रमुख रमेश घिमिरे बताए ।

प्रदेशभित्रका युवालाई सबल प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै प्रदेश, राज्य र अन्तर्राष्ट्रिय क्षेत्रमा सार्थक सहभागिता सुनिश्चित गरी प्रदेशलाई आधुनिक न्यायपूर्ण र समृद्ध प्रदेश बनाउने दूरदृष्टिका परिषद अघि बढेको देखिन्छ । परिषदको दीर्घकालीन लक्ष्य रुपमा युवाको नेतृत्व तथा क्षमता विकास, उद्यमशीलताको विकास र स्वरोजगार, युवाको पहुँच र सहभागिताको सुनिश्चितता समृद्ध प्रदेश निर्माण भन्ने लक्ष्य सहित अघि बढिरहेको स्थितिमा परिषदले गरेको कामबाट सकरात्मक परिणाम देखापर्न सुरु गरेको छ ।

जसमध्ये रोजगारीको खोजीमा विदेश जाने सोच बनाउँदै गरेका मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१२ का बुद्धिबहादुर बम्जनले अघिल्लो वर्ष कपाल काट्ने तालिम लिए । प्रदेश युवा परिषद्ले दिएको तालिममा सहभागी भएका बम्जन तालिम सम्पन्न भएसँगै स्वदेशमै गर्छु भन्ने अभिलाषा बोकेर घर फर्के । घर फर्केलगत्तै आफूले सैलुन खोलेर अहिले स्वरोजगार बनेको उनले बताए । यस्तै सोहीस्थानका विकास घलानले पनि परिषद्ले दिएको तालिमपश्चात् आफैं सैलुन खोलेर बसेका छन् । उनले वर्तमान समयमा युवा पुस्ता प्रायः सामान्य तलबका लागि पनि देश छोडेर बाहिर जान थालेको भन्दै कामलाई सम्मान गर्दै यही गर्छु भन्यो भने स्वदेशमै सम्भावना धेरै रहेको बताए ।

केही वर्षअघि के गर्ने अब दोधारमा रहेको आफू अहिले यही सीप सिकेर व्यवसाय सञ्चालन गर्न पाउँदा खुशी लागेको बताए । यस्तै हेटौंडा-१२ मा बस्दै आएकी देवी कुमालले पनि परिषद्ले दिएको तालिम लिएको बताइन् । परिषद्ले दिएको तालिमपछि आफूले व्यवसाय सुरु गरेको भन्दै उनले खुशी व्यक्त गरिन् । प्रदेश युवापरिषदले प्रत्येक वर्ष सम्मेलन समेत गर्दै आएको छ । परिषदले गतवर्षबाट युवा सम्मेलन गर्न सुरु गरेकोमा चालु आर्थिक वर्षमा समेत त्यसलाई निर न्तरता दिदैं प्रदेश राजधानी हेटौंडामा गत बैशाखमा युवा सम्मेलन गरेको थियो ।

गत वैशाख २८ गतेबाट ३० गतेसम्म भएको ३ दिने सम्मेलनले २०८१ लाई सीप वर्ष घोषणा सहित १३ बुँदे घोषणापत्र जारी गर्दे सकिएको छ । प्रदेशको तत्कालीन समाजिक विकास मन्त्रालय र हालको युवा तथा खेलकुद मन्त्रालय अर्न्तगत रहेको प्रदेश युवा परिषद्को आयोजनामा सम्मेलन भएको थियो । सम्मेलनमा युवा सम्बाद कार्यक्रममा बोल्दै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले अब देशले आर्थिक एवम् समाजिक रुपान्तरणको माग गरेकाले सबै युवा मिलेर त्यसको लागि महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताए । मुख्यमन्त्री जम्मकट्टेलले देशको विभिन्न राजनीतिक एवम् सामाजिक रुपान्तरणको निम्ति सधैं अग्रपंक्तीमा रही युवाले व्यवस्था परि वर्तन गरेको उदृत गर्दे अबको यात्रा आर्थिक एवम् सामाजिक परिवर्तन रहेकाले सबै युवा मिलेर अघि बढ्नु पर्ने बताए ।

देशले कुनै समय व्यवस्था परिवर्तको माग गर्यो व्यवस्था परि वर्तन भयो तर, अवस्था खासै परि वर्तन नभएकोले राज्यले त्यसका निम्ति पनि विषेश योजना बनाएर अघि बढिरहेको उनको भनाई थियो । राज्य संघीय संरचनामा आएसँगै राज्यका ३ वटै सरकारले युवालाई प्राथमितामा राखेर उनीहरुलाई दक्ष सीपयुक्त बनाउर्दे सशक्तीकरण, सिर्जनशीलता र उद्यमशील बनाउने लक्ष्यसहित काम गरिरहेको बताए । त्यसैअनुरुप प्रदेश सरकारले कतिपय योजनाहरु प्रदेशको युवा परिषद मार्फत् त कतिपय योजना प्रदेशको विभिन्न मन्त्रालय मार्फत भईरहेको बताए ।

यस्तै प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले युवा परिषदले अघिल्लो वर्ष ११ बुँदे घोषणापत्र जारी गरेकोमा ७ वटा बुदाँ कार्यान्वयनमा गईसकेको बताइन् । मन्त्री मोक्तानले युवा सम्मेलनबाट युवाको बास्तविक समस्या र उनीहरुको चाहना नजिकबाट थाहा पाएको बताइन् । नयाँ आर्थिक वर्ष अघि नै यस कार्यक्रम गर्नुको उद्देश्य भन्नु नै आगामी आर्थिक वर्षमा आउने नीति तथा कार्यक्रममा सम्मेलनले सहयोग पुऱ्याओस भन्ने रहेको उनले बताइन् । प्रदेश सरकारले सिर्जनशीलताको विकास र उद्यमशीलता विकास गर्ने लक्ष्यसहित गरेका विभिन्न कार्यक्रममध्ये विज्ञान प्रविधिमा माध्यमिक तह अध्ययन गर्दे गरेका युवालाई लक्षित गर्दे नेपालमै पहिलोपटक युवा वैज्ञानिक उत्पादन गर्न योजना ल्याइसकेको उनले बताइन् ।

योजनालाई प्रदेश सरकारले विषेश चासो दिई अघि बढेको उनले बताइन् । यस्तै भर खरै मात्र नवनियुक्त युवा तथा खेलकुद मन्त्रालयको मन्त्री रमा आलेमगरले भने युवाको सवालमा आफ्नो पहिलो निर्णय खेलकुदलाई पयर्टन र युवालाई सीप वर्षसँग जोड्ने भएकोले त्यसलाई प्रथामिता दिने बताइन् । यस्तै युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले सम्मेलनबाट युवाको समस्या उजागर भएकाले प्रत्यक्षरुपमै सरकारमा राख्न पाएकाले त्यसको प्रदेश सरकारले सम्बोन्धन गर्ने विश्वास लिएको बताए ।

यस्तै सम्मेलनबाट युवाले आफ्नो सीप क्षमता विकास गर्दे आगामी दिनमा आफूलाई सिर्जनशील र उधमशीलता विकास गर्दे लैजाने कुरामा विश्वास लिएको बताए । यस्तै राज्यका नीति नियम र राजनीतिप्रतिको चरम निराशालाई सम्बोधन गर्न सम्मेलन गरिएका भन्दै त्यसलाई युवा परिषद्मार्फत् सम्बोधन गर्दे आईरहेको र आगामी दिनमा झनै उत्कुप्ट योजनाहरु ल्याई परिषद् अघि बढ्ने उनले बताए ।

कस्ता कार्यक्रम भए ३ दिन ?

२ सय भन्दा बढी युवाको सहभागिता रहको सम्मेलनमा विभिन्न क्षेत्रमा रहेर काम गरिरहेका १८ देखि ३० वर्षका युवा सहभागी रहेको थियो । सम्मेलनमा जिल्लाको सामुदायिक क्याम्पसका उत्कृष्ट विद्यार्थी, आदिवासी जनजाति, दलित, सीमान्तकृत समुदायलाई प्राथमिकता दिएर सहभागी गराईएको थियो । सम्मेलनमा विभिन्न कार्यशाला र प्रस्तुति रहेको रहेको थियो भने भने युवा सम्मेलनको अन्तिम दिन आईतवार मुख्यमन्त्रीसँग युवा सम्बाद कार्यक्रम भएको थियो ।

सम्मेलनका विशेष गरी ५ वटा विषयमा छलफल तथा अन्तरक्रिया गरिएको थियो । विशेष गरी शिक्षा, सीप, नवप्रवर्तन, रोजगारी र नीतिगत सुधारका क्षेत्रमा सम्मेलन अवधिभर विभिन्न बहस अन्तरक्रिया भएको थियो । ३ दिनसम्म चलेको सम्मेलनको क्रममा युवा लक्षित व्यावहारिकता र प्रयोगात्मक शिक्षा प्रणालीको विकासका लागि बहस भएको थियो । 'शिक्षा: कहाँ छ समस्या ?' भन्ने विषयमा डा. विश्वनाथ कोइराला र सामाजिक विकास मन्त्रालयका सचिव डा. भीष्मकुमार भुसाल, बालशिक्षामा पीएचडी गरेकी मिनाक्षी दाहालले बहस तथा अन्तरक्रियामा सहजिकरण गरेका थिए । विद्यालय शिक्षा, पाठ्यक्रम, व्यावहारिकता र जीवनोपयोगिताको सवालमा शिक्षा र सोको समस्याका विषयमा उनीहरुले छलफल गरेका थिए ।

यस्तै शिक्षित बेरोजगार उत्पादन भइरहेको अवस्थामा सोको समाधानमा राज्यले खेल्नुपर्ने भूमिका र पहलका विषयमा छलफल भएको थियो । नवप्रवर्तन र उद्यमशीलताको क्षेत्रमा पनि विशेष प्रस्तुति रहेको थियो । नवप्रवर्तन र उद्यमशीलता नीति र निरन्तरता विषयमा सर कारले गरिरहेका पहल, निजी क्षेत्रको प्रयास र युवाको भूमिका तथा उपयोगमा छलफल भयो । यसैगरी डिजिटल साक्षरताका विषयमा विशेष प्रस्तुति र डिजिटल साक्षरता प्रविधि अवसर र सम्भावना विषयमा रहेर अवसर, सदुपयोग र चुनौती लगायत छलफल भएको थियो । डिजिटल साक्षरताको अभावका कारण प्रविधिको दुरुपयोग बढ्दो क्रममा रहेको र त्यसले समाजमा नकारात्मक असर थपिएको हो ।

बढ्दो प्रविधिको प्रयोगले रचनातमक क्रियाकलाप तथा कामलाई कमजोर बनाइरहेकाले त्यसको सकारात्मक प्रयोगमा छलफल भएको थियो । कार्यक्रममा नवप्रवर्तन र उद्यमशीलताको क्षेत्रमा पनि विशेष प्रस्तुति रहेको थियो । नवप्रवर्तन र उद्यमशीलता नीति र निरन्तरता विषयमा सरकारले गरि रहेका पहल, निजी क्षेत्रको प्रयास र युवाको भूमिका तथा उपयोगमा समेत कार्यक्रममा जानकारी गराईएको थियो ।

यस्तै युवाहरूको राजनीतिक चेत, सहभागिता, नीतिगत सुधारका विषयमा रहेका समस्या समाधान गर्न प्याकेजमा निराकरणको उपाय खोजिने र नेपालको सम्भावनालाई बहसमा उतार्ने तयारी सम्बन्धमा जानकारी गराइएको थियो । बहसमा एमालेका प्रमुख सचेतक महेश बर्तौला, कांग्रेसकी सचेतक सुशीला थिङ, माओवादी केन्द्रका सांसद माधव सापकोटा सहभागी रहेका थिए ।

१३ बुंदे घोषणापत्रमा के-के छन् ?

१३ बुँदे घोषणापत्र जारी गर्दै बागमती प्रदेशको दोस्रो युवा सम्मेलन २०८१ सकिएको हो । प्रदेशका १३ वटै जिल्लाबाट २ सय प्रतिनिधि युवाको सहभागितामा बागमती प्रदेश युवा परिषद्को आयोजनामा सम्मेलन भएको थियो । बागमती प्रदेशमा सबल, सक्षम र सशक्त अनि सीपयुक्त युवा तयार गर्ने सोचसहितको अभियानलाई प्रभावकारी कार्यान्वयन गर्ने स्पष्ट लक्ष्य तथा कार्ययोजना तय गरी परिषद्को अग्रसरतामा दोस्रो युवा सम्मेलन आयोजना गरिएको थियो । सम्मेलनमा परिषद्का कार्यकारी उपाध्यक्ष चौलागाईमार्फत जारी घोषणापत्र प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई बुझाएका थिए ।

बागमती प्रदेश युवा परिषद् ऐन २०७६, प्रदेश युवा परि षद् नियमावली २०७७, बागमती प्रदेश युवा नीति २०७९ को प्रभावकारी कार्यान्वयन गर्दै बागमती प्रदेशका युवाको चाहना र आवश्यकताको सम्बोधन गरिने घोषणापत्रमा उल्लेख छ । बागमती प्रदेश युवा परिषद्ले सञ्चालन गरि रहेको युवाको सीप विकास तथा सीप परीक्षणलाई अझ प्रभावकारीरुपमा कार्यान्वयन गर्ने घोषणापत्रमा छ । बागमती प्रदेश सरकारले घोषणा गरेको सीप विकास वर्ष २०८१ सफल बनाउन बागमती प्रदेश युवा परिषद्को नेतृत्वमा प्रभावकारीरुपमा कार्यान्वयन लैजानुपर्ने माग गरिएको छ । बागमती प्रदेशको कला, संस्कृति, पुरातत्व र ऐतिहासिक तथा प्राकृतिक क्षेत्रको पहिचान, अभिलेखीकरण, संरक्षण र प्रवर्द्धनमा युवाको सहभागिता सुनिश्चित गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ ।

बागमतीमा तीन दिनसम्म गणतन्त्र दिवस मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ बागमती प्रदेश सरकारले गणतन्त्र दिवस विविध कार्यक्रमको आयोजना गरी तीनदिन मनाउने भएको छ । प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्री एवम् सरकारका प्रवक्ता गंगानारायण श्रेष्ठले शुक्रबार हेटौंडामा पत्रकार सम्मेलनमार्फत् जानकारी गराएका हुन् ।

मन्त्री श्रेष्ठले जेठ १३, १४ र १५ गते गरी तीनदिन गणतन्त्र दिवस मनाउन लागेको बताएका हुन् । त्यसको लागि मुख्यमन्त्री शालिकराम जम्कट्टेलको संयोजकत्वमा ४२ सदस्यीय मूल समारोह समिति गठन गरेको उनले बताए । उनका अनुसार, सो अवसरमा जेठ १३ गते सामाजिक विकास मन्त्रालयले गणतन्त्र दिवस सम्बन्धी विषयमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने र युवा तथा खेलकुद मन्त्रालय र खेलकुद परिषदले मैत्रीपूर्ण खेलकुद कार्यक्रम गर्ने भएको छ ।

त्यस्तै, जेठ १४ गते स्वास्थ्य मन्त्रालयले सार्वजनिक रक्तदान कार्यक्रम, वन तथा वातावरण मन्त्रालयले वृक्षारोपण, सञ्चार रजिष्ट्रारको कार्यालयले नारायणी मलको एनएस सिनेमा हलमा लघुचलचित्र तथा वृत्तचित्र प्रदर्शन गर्ने प्रवक्ता श्रेष्ठले बताए । त्यस्तै, जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा सम्बन्धित मन्त्रालय-कार्यालय परिसर सरसफाइ, प्रभातफेरी र मूल समारोहमा शैक्षिक संस्थाबाट शिक्षक तथा विद्यार्थीको सहभागिताका लागि हेटौंडा उपमहानगरपालिका मार्फत् समन्वय गर्ने निर्णय भएको प्रवक्ता श्रेष्ठले बताए ।

त्यसैगरी, १५ गते नै बिहान ७:३० बजे हेटौंडाको भुटनदेवी मावि‍को चौरमा भेलाभई स्कुलरोड-बुद्धचोक-चौकिटोल-मानसचोक हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणमा व्याण्ड बाजासहितको प्रभातफेरी कार्यक्रमको आयोजना गरिने जनाइएको छ । दिवसमा प्रदेशका सबै मन्त्रालयले आफ्नो कार्यालय परिसरमा राष्ट्रिय झण्डा फराउने, हेटौंडाको बुद्धचोक र बसपार्कमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले झण्डा फराउने र जेठ १४, १५ र १६ गते सबै मन्त्रालय र निकायले आफ्नो वेबसाइटको हामपेजमा गणतन्त्र दिवस २०८१ भव्यरुपले मनाऔं लेखिएको ब्यानर डिस्प्ले गर्ने निर्णय भएको प्रवक्ता श्रेष्ठले बताए ।

'हेटौंडाको सडक विस्तार र नगरको योजना आगामी बजेटमा समेट्छौं'

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ हेटौंडाको मुख्य बजार क्षेत्रमा सडक विस्तार र नगरको व्यवस्थित योजना बागमती प्रदेश सरकारले आगामी नीति तथा कार्यक्रममा समेटेर जाने मुख्यमन्त्री शालिकराम जम्कट्टलले बताएका छन् ।

शुक्रबार हेटौंडामा कारोबार आर्थिक बहस कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री जम्कट्टेलले हेटौंडा बजारलाई विस्तार र व्यवस्थित गर्न नीति तथा कार्यक्रममा समेट्ने बताए । उनले प्रदेशको आर्थिक क्षेत्र फराकिलो बन्दै गइरहेको अवस्थामा आर्थिक समृद्धिका पक्षमा सरकार सदैव तयार रहेको बताए । नीति तथा कार्यक्रम बनाउने क्रममा रहेकाले प्रदेश सर कारले कृषि, पर्यटन र उर्जालाई प्राथमिकतामा राखेर अघि बढिरहेको जनाए ।

'प्रदेश सरकारको लगानी क्षेत्र पहिचान गरी पहिलो कृषि, दोस्रो पर्यटन र तेस्रो लगानीक्षेत्र, ऊर्जाक्षेत्र रहेको छ, त्यसतर्फ सरकार र निजीक्षेत्रको लगानी गर्न अनुरोध छ,' मुख्यमन्त्रीले भने । व्यवसायी र किसानको पक्षमा प्रदेश सरकार सधैं साथमा रहेको बताउँदै किसानलाई सानाउद्यमीको रुपमा विकास गर्न सबै पक्षलाई अग्रह गरेका छन् । दुधको भुक्तानी चाडैं निकासा हुनेमा विश्वास दिलाउँदै मुख्यमन्त्रीले किसानबाट उत्पादित वस्तुहरु स्थानीय सरकारसँगको सहकार्यमा बजारीकरण गरी उत्पादनमा आधारित कृषिमा लगानी बढाउन आग्रह गरे ।

शिक्षा र स्वास्थ्य नीति निर्माणसँगै कार्यान्वयनको तयारीमा हामी छौं, विश्वविद्यालय सञ्चालनदेखि स्वास्थ्य क्षेत्रको हवको रुपमा हेटौंडालाई अगाडि बढाउने उनको भनाई छ । उनले काठमाडौंसँग जोडिने सडक सञ्जालले छिट्टै नै निकास पाउने प्रतिवद्धता व्यक्त गरेका छन् । भौतिक विकाससँगै उत्पादनक्षेत्रको विकासमा सरकार सधै अग्रसर रहदैं कानुनी व्यवस्था आए मयुरधापमा रहेको औद्योगिक क्षेत्र प्रदेश सरकारले सञ्चालन गर्न तयार रहेको मुख्यमन्त्री जम्कट्टलले बताए ।

हेटौंडामा कछुवा संरक्षणको माग गर्दै ञ्याली

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/कछुवा संरक्षणको माग गर्दै हेटौंडामा ञ्याली निकालिएको छ । वाइल्डलाइफ कन्जर्भेसन एण्ड रिसर्च एण्डेभर (वाइल्ड केयर) नेपालले विश्व कछुवा दिवसको असर पारेर बिहीबार हेटौंडामा संरक्षण सचेतना ञ्याली निकालेको हो ।

ञ्यालीमा सहभागी विद्यार्थीले कछुवा स्टिकर तथा पोस्टकार्डहरु लिएर संरक्षणको सन्देश सहित नारा लगाएका थिए । फरेस्ट्री कलेजको मुख्य प्रवेशद्वारबाट सुरु भएको ञ्याली झण्डाचोक, बुद्धचोक हुँदै फरेस्ट्री कलेजको प्रवेशद्वारमा आएर टुंगिएको थियो । कछुवासम्बन्धी जानकारी र त्यसको संरक्षणको महत्व जनाउने उद्देश्यले हरेक वर्ष २३ मेमा विश्व कछुवा दिवस मनाउने गरिन्छ । सोही दिवसको सन्दर्भमा वाइल्ड केयरले मकवानपुरगढी गाउँपालिका-४ को कार्यालयमा सचेतनामूलक कार्यक्रम पनि गरेको थियो ।

कछुवा प्रजातिहरू विश्वमा सबैभन्दा धेरै खतरामा रहेका जीवहरुमा पर्छन् । कछुवाका आधाजसो प्रजातिहरु कुनै न कुनै हिसाबले लोप हुने खतरामा रहेको अनुसन्धानर्ता रमा मिश्र बताउँछिन् । उनी भन्छिन्, 'नेपालमा पाइने १७ प्रजातिका कछुवामध्ये ठोटरी भनिने एलोन्गेटेड टोर्टोइज मात्र जीवनमा पाउँछ यो अति संकटापन्न जीवमा पर्छ ।,' मासु, अवैध चोरी शिकारी र घरपालुवा जीवको रुपमा प्रयोग हुँदा संख्या घट्दो छ ।

वाइल्ड केयरका अनुसन्धानकर्ता सविन अधिकारीका अनुसार कछुवा ढिलो वयस्क हुने जीव भएकाले यसको अधिक उपभोगले संख्यामा ठूलो प्रभाव पार्ने गर्छ । प्रकृतिमा कछुवाले ४ देखि १०० सम्म अण्डा दिन सक्छन् तर, थोरै मात्र वयस्क अवस्थासम्म पुग्ने उनले बताए । नेपालको कानुनले कछुवा पालन गर्न, बेच्न र मार्न बन्देज गरेको छ ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ ।

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको, मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एक विद्यालय एक नर्स कार्यक्रम सम्बन्धी जानकारी

विद्यालय तहमा नै विद्यार्थीहरुको समग्र स्वास्थ्य, सरसफाई, पोषण, मानसिक स्वास्थ्य, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य प्रवर्द्धन गर्न तथा सरुवा र नसर्ने रोग रोकथामबारे जानकारी गराई स्वस्थ जीवनयापन अपनाउन उत्प्रेरित गर्न बागमती प्रदेश सरकारले नमूना स्वास्थ्य प्रवर्द्धन कार्यक्रमको रुपमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरेको छ ।

विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन यस कार्यक्रमको उद्देश्य यस प्रकार छन् ।

- विद्यालयमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने,
- विद्यार्थीहरुलाई पोषिलो खाना तथा सरसफाईबारे जानकारी गराउने र प्रोत्साहित गर्ने,
- विद्यालयमा पत्रु खाना (Junk Food) निरुत्साहित गर्ने,
- यौन तथा प्रजनन्, मानसिक, मुख तथा दाँत र आँखाको स्वास्थ्य जस्ता विषयमा स्वास्थ्य परीक्षण गर्ने र परामर्श सेवा प्रदान गर्ने,
- विद्यालय नर्स तथा विद्यार्थी मार्फत परिवार एवं समुदायलाई स्वस्थ बनाउन सचेतना जगाउने,
- विद्यार्थी, शिक्षक, कर्मचारी, परिवार एवं समुदायलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने,
- सर्ने तथा नसर्ने रोगहरुको रोकथामका लागि विद्यार्थीहरुको सहभागितामा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- विद्यालय स्वास्थ्यका अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना